राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ पुस २९ गते

# आन्तरिक विस्थापितको समास्याबारे छलफल

राष्ट्रिय मानव अधिकार आयोगले शान्ति तथा पुनर्निर्माण मन्त्रालयका कामु सचिव खुमराज पुँजालीसहितको टोलीलाई आयोगमा बोलाई सशस्त्र द्वन्द्वकालमा आन्तरिक विस्थापनमा परेकाहरूको पक्षमा सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयन नभई सम्बन्धित व्यक्तिहरूको मानव अधिकार हनन भएको भन्ने उजुरीसमेतको विषयमा छलफल गरेको छ ।

आन्तरिक विस्थापनमा परेकाहरूको पक्षमा भएको फैसला कार्यान्वयन नभई मानव अधिकारको संरक्षण हुन नसकेको भन्नेबारे आयोगमा उजुरी परेको थियो । भोजराज तिमल्सिनासमेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई विपक्षी बनाएको मुद्दामा २०६४ साल पुस २ गतेको फैसलामा द्वन्द्वपीडितलाई राहत प्रदान गर्न समिति गठन भई काम थालेको छ महिनाभित्र वास्ताविक विस्थापितको अवस्था पत्ता लगाई राहत प्रदान गर्न निर्देशनात्मक आदेश दिइएको थियो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य प्रकाश वस्तीले सर्वोच्च अदालतको फैसला कार्यान्वयन नहुनुको कारणबारे जिज्ञासा राख्दै शान्ति तथा पुनर्निर्माण मन्त्रालयले यस दिशामा गरिरहेको काम कारबाहीबारे थप जानकारी लिन बोलाइएको बताउनुभयो ।

आयोगका सदस्य गोविन्द शर्मा पौड्यालले मानव अधिकारको अवस्थाबारे अनुगमनको क्रममा जिल्लामा पुग्दा आफूले वास्तविक द्वन्द्वपीडितले राहत नपाएको तर राजनीतिक पहुँच भएका गैरद्वन्द्वपीडितले राहत पाएको भेटिएको जानकारी दिँदै यसलाई सच्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

छलफल कार्यक्र क्रममा बोल्दै शान्ति तथा पुनर्निर्माण मन्त्रालयका कामु सचिव खुमराज पुँजालीसहतिको टोलीले सम्पत्ति कब्जा भई आन्तरिक विस्थापनमा परेकाहरूलाई राहत प्रदान गर्न नयाँ कार्यदल गठन गर्ने नीतिगत निर्णय भइसकेको जानकारी दिनुभयो ।

उक्त कार्यदलमा सर्वोच्च अदालतको निर्देशनात्मक आदेशअनुसार समिति गठन गरी सशस्त्र द्वन्द्वकालमा सम्पत्ति कब्जा भई विस्थापित भएका हरूको मानव अधिकार रक्षा हुनेमा आयोगले विश्वास लिएको छ ।

......................
मोहना अन्सारी
प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org